नेपाल सरकार

# अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा

सिंहदरबार, काठमाण्डौ

**प.सं. :-** ०८३/८४

**च.नं. :-** ८२१

**मिति :-** वि.सं. २०८३/०५/०३

**ने.स. :-** ११४६ गुंलाथ्व,७ बुधवार

<u>विषयः तलब बृद्धी तथा प्रोत्साहन भत्ता सम्वन्धमा।</u>

श्री सार्वजनिक संस्थान/प्राधिकरण/बोर्ड/निगम/समिति,

सबै।

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०४/०६ को निर्णायानुसार संवत् २०८३ साल साउन १ गतेदेखि लागू हुनेगरी निजामति कर्मचारी लगायतको तलबमान, ग्रेड, प्राविधिक ग्रेड र प्रोत्साहन भत्ता बृद्धि तथा कायम भएकोमा तहाँ सार्वजनिक संस्थान/प्राधिकरण/बोर्ड/निगम/समितिमा कार्यरत कर्मचारीहरु समेतको तलब तथा ग्रेड बृद्धि र प्रोत्साहन भत्ता देहाय वमोजिमको शर्तहरुको अधिनमा रहि मिति २०८३/०४/०१ देखि लागू हुने गरि कायम गर्नुहुन नेपाल सरकार (अर्थमन्त्रीस्तर) को मिति २०८३/०५/०२ को निर्णायानुसार अनुरोध छ।

*नोटः मन्त्रिपरिषद्को मिति २०८३/०४/०६ को निर्णायानुसार कायम भएको तलबमान, ग्रेड, प्राविधिक ग्रेड सहितको सूची यस मन्त्रालयको वेबसाइट (mof.gov.np) बाट प्राप्त गर्न सकिनेछ।*

शर्तहरुः-

१. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०४/०६ को बैठकबाट संवत् २०८३ साल साउन १ गतेदेखि लागु हुनेगरी कायम भएको तलबमान मुताविक हुने गरी दर्जा/तह/पद अनुसार नयाँ तलबमान निर्धारण गर्ने। तर, प्रोत्साहन भत्ता प्रकृतिको भत्ता प्राप्त गरी रहेका कर्मचारीको प्रोत्साहन भत्ता नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३/०४/०६ को निर्णयबाट कायम भएको प्रोत्साहन भत्ता भन्दा कम हुने भएमा कम भएजति भत्ता मात्र थप प्रदान गर्ने। प्रोत्साहन भत्ता कार्यसम्पादन सूचक (Performance Indicator) को आधारमा प्रदान गर्ने व्यवस्था क्रमिक रुपमा मिलाउँदै जाने।

२. हाल खाइपाई आएको ग्रेडदर निजामती सेवा तर्फ लागू भएको नयाँ ग्रेडदर भन्दा कम भएमा मात्र सो बराबर हुनेगरी नयाँ ग्रेडदर निर्धारण गर्ने।

३. यस मन्त्रालयको सहमति बिना आर्थिक दायित्व सिर्जना हुने गरी अन्य कुनै पनि प्रकारका भत्ता एवं सुविधा वृद्धि नगर्ने।

४. यस सन्दर्भमा यस मन्त्रालयबाट विगतमा भएका परिपत्रहरुलाई समेत ध्यानमा राखी आवश्यक निर्णय गर्ने।

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००,४२११३६७ राजस्व व्य.म. ४२११८६७, अ.आ.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६, फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.), ईमेलः admindivision@mof.gov.np, वेबसाइटः www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा

सिंहदरबार, काठमाण्डौ

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Narendra Kumar Karki
karkinaren@mof.gov.np

(नरेन्द्र कुमार कार्की)

शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००,४२११३६७ राजस्व व्य.म. ४२११८६७, अ.आ.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६, फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५ (अ.आ.स.स.म.), ईमेलः admindivision@mof.gov.np, वेबसाइटः www.mof.gov.np